"समृद्ध छथर निर्माणको आधार: शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी, प्रदेश नेपाल

प.सं.:२०८१/०८२

सू.नं.: ९

फोन नं ०२६-४२००९९

मिति: २०८१।०४।३२

### सूचना सूचना सूचना

प्रस्तुत विषयमा यस छथर गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयहरुको शिक्षा नियमावली २०५९ को नियम १७१ तथा १७२ बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्नुपर्ने भएकोले नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्थाको सदस्यता प्राप्त लेखापरीक्षण गर्न इच्छुक दर्तावाला लेखा व्यवसायी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्द्र (१५) दिन भित्र निम्नानुसारका कागजातका साथमा तल उल्लेखित दस्तुर सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकको छ । म्याद नाघि वा रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सूचना बाट जानकारी गराईन्छ ।

तपशिल:-

१. नेपाल चाटर्ड एकाउण्टेण्ट्स् संस्था बाट प्राप्त सदस्यता प्रमाण-पत्रको छायाँकपी एक
२. नेपाल चाटर्ड एकाउण्टेण्ट्स् संस्था बाट प्राप्त पेशागत प्रमाण-पत्रको छायाँकपी एक
३. नेपाल चाटर्ड एकाउण्टेण्ट्स् संस्था बाट प्राप्त लेखा व्यवसायी फर्म दर्ता प्रमाण-पत्रको छायाँकपी एक
४. नेपाल चाटर्ड एकाउण्टेण्ट्स् संस्था बाट प्राप्त आ.व. २०८०/०८१ को लागि नवीकरण भएको निस्साको छायाँकपी एक
५. सम्बन्धित आन्तरिक राजश्व कार्यालय बाट मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको छायाँकपी
६. आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको छायाँकपी
७. नेपाल चाटर्ड एकाउण्टेण्ट्स् संस्था बाट प्राप्त चाटर्ड एकाउण्टेन्ट्स् संस्थाको सुचिमा नपरेका लेखा व्यवसायीहरु नियुक्ति गरिने छैन
८. एक फर्म वा ब्यक्तिले एक भन्दा बढि फर्म वा संस्थाको कागजात पेश गर्न पाइने छैन
९. लेखा ब्यवसायी संस्थाको लेखा परीक्षक वा आधिकारीक कर्मचारीलाई मात्र नियुक्ति पत्र बुझाईने छ
१०. अन्य जानकारीको आवश्यक परेमा यस कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ
११. निवेदनका साथ लेखापरीक्षण शुल्क /दस्तुर वापत क, ख, ग र घ वर्गका लेखापरीक्षक तथा लेखापरीक्षण ब्यवसायी फर्महरुले कमश रु २५००।००, २०००।००, १५००।०० र १२००।०० यस छथर गाउँपालिकाको कार्यालय शुकबारे तेह्रथुमको राजश्व शाखामा जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

नोट :- विद्यलयहरुको लेखापरीक्षणको जिम्मेवारी वितरण छथर गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गुणराज वानियाँ

प्रमुख प्रशासकिय अधिकृत